# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ६) घ्याङलेख, असार १० गते, २०७९ साल (अतिरिक्ताङ्क २

## भाग १

## घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## हायुटार, सिन्धुलीको

## सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको आर्थिक ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**संवत् २०७८ सालको ऐन नं. २**

## घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०७९

**प्रस्तावना** : घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :

क) **"गाउँ सभा"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ख) **"कार्य पालिका"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"वडा समिति"** भन्नाले घ्याङलेख गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) **"बिषयगत शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ) **"संञ्चित कोष"** भन्नाले घ्याङलेख गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची १** मा उल्लेखित

चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४८८९१३५००।०० (अक्षेरुपी : अडचालिस करोड उन्नानव्वे लाख तेह्र हजार पाँच सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शिर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन: (१)** यस विद्येयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा घ्याङलेख गाउँपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

# अनुसुचि-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## घ्याङलेख गाउँपालिकाको आ.व. २०७९।०८० का लागि संञ्चित कोषमा जम्मा रहने तथा सो बाट विनियोजन हुने रकम

## घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## हायुटार, सिन्धुली

## आ.व.२०७९।०८० को लागि एघारौं गाउँ सभा प्रस्तावित एकीकृत आय व्ययको विवरण

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | रकम रू. |
| १ | गत आ.व. बाट सरी जाने जिम्मेवारी अनुमानित हिसाव | २५००००००।०० | १ | प्रशासनिक तथा कार्यक्रम खर्च (अनुसूची १) | १०४६०००००।०० |
| २ | **नेपाल सरकार** | **३०४४८५०००।००** | २ | सामाजिक सुरक्षा भत्ता (लाभग्राहीको अभिलेख अनुसार) | ५००००००००।०० |
| २.१ | वित्तीय समानिकरण | ७६९०००००।०० | ३ | नेपाल सरकार सशर्तमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची १६) | १३७५०००००।०० |
| २.२ | सशर्त अनूदान चालु | १३७५०००००।०० | ४ | प्रदेश सरकार सशर्तमा तोकिए बमोजिमका कार्यक्रम (अनुसूची १७) | २१३९००००।०० |
| २.३ | सशर्त अनूदान पूजीगत | ०।०० | ५ | सडक बोर्ड नेपाल तथा जि.स.स.बाट सहमति बमोजिम कार्यक्रम संचालन | २२५००००।०० |
| २.४ | राजस्व वांडफांड रकम | ७७०८५०००।०० | ६ | विपद् व्यवस्थापन कोष | २५०००००।०० |
| २.५ | समपुरक अनुदान | १३००००००।०० | ७ | विषयगत शाखाका थप कार्यक्रम | ०।०० |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **क.सं.** | **कार्यक्रम तथा बजेट शिर्षक** | **रकम रू.** | **क.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलाप** | **रकम रू.** |
| २.६ | विशेष अनुदान | ०।०० | ७.१ | स्वास्थ्य शाखा (अनुसूची ४) | १२२४३०००।०० |
| २.७ | प्राकृतिक स्रोत वांडफांडबाट प्राप्त हुने रोयल्टी | ०।०० | ७.२ | शिक्षा, युवा तथा खेलकुद (अनुसूची ५) | २०७९५५००।०० |
| **३** | **नेपाल सरकार** | **५०००००००।००** | ७.३ | कृषि तथा पशु विकास (अनुसूची ७) | ६७०००००।०० |
| ३.१ | सामाजिक सुरक्षा भत्ता | ५०००००००।०० | ७.४ | खानेपानी तथा सरसफाइ (अनुसूची ८) | ९०००००।०० |
| **४** | **प्रदेश सरकार** | **४५०४५०००।००** | ७.५ | महिला, वालबालिका तथा जेष्ठ नागरिक (अनुसूची ९) | १५२५०००।०० |
| ४.१ | वित्तीय समानिकरण | ६३७६०००।०० | ७.६ | न्यायीक समिति (अनुसूची ६) | ११५०००० |
| ४.२ | सशर्त अनुदान | २१३९००००।०० | ७.७ | लघु उद्यम विकास कार्यक्रम | ०।०० |
| ४.३ | सवारी साधन कर वांडफांड रकम | १७२७९०००।०० | ८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ०।०० |
| ४.४ | सम्पूरक अनुदान | ०।०० | **९** | **वर्षामासमा गाउपालिकाभरि हुने सडक अवरोध हटाउने खर्च रकम** | **२५०००००।००** |
| ४.५ | विशेष अनुदान | ०।०० | **१०** | **समपुरक कोष (Matching Fund) (अनुसूची ३)** | **२९००००००।००** |
| **५** | **अन्य निकायबाट (जिल्ला समन्वय समिति)** | **७५००००।००** | १०.१ | चन्दनपुर-सल्ले-केराबारी-गौरी-भैसे-बस्तीपुर-सातदोबाटो सम्म सडक निर्माण | १३००००००।०० |
| **६** | **सडकबोर्ड नेपाल** | **१२०००००।००** | **११** | **नेपाल सरकार विशेष अनुदानमा तोकिए बमोजिमका कार्यक्रम** | **०।००** |
| **७** | **आन्तरिक आय** | **३५००००००।००** | **१२** | **प्रदेश सरकार विशेष अनुदानमा तोकिए बमोजिमका कार्यक्रम** | **०।००** |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा बजेट शिर्षक | रकम रू. | क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलाप | रकम रू. |
| ८ | आन्तरिक आय (ढुंगा, गिट्टी, बालुवा) | २५०००००।०० | १३ | गाउंस्तरीय योजना तथा कार्यक्रम (अनुसूची १०) | ४११६००००।०० |
| ९ | आन्तरिक स्रोत (अन्य राजस्व) | ०।०० | १४ | आ.व. २०७९।०८० का नयां वडास्तरीय कार्यक्रम | ०।०० |
| १० | घाटा बजेट आन्तरीक स्रोत पुर्ति | ५६४३३५०० | १४.१ | वडा नं. १ का वडास्तरीय आयोजनाहरू (अनुसूची ११) | ५००००००।०० |
| | | | १४.२ | वडा नं. २ का वडास्तरीय आयोजनाहरू (अनुसूची १२) | ५००००००।०० |
| | | | १४.३ | वडा नं. ३ का वडास्तरीय आयोजनाहरू (अनुसूची १३) | ५००००००।०० |
| | | | १४.४ | वडा नं. ४ का वडास्तरीय आयोजनाहरू (अनुसूची १४) | ५००००००।०० |
| | | | १४.५ | वडा नं. ५ का वडास्तरीय आयोजनाहरू (अनुसूची १५) | ५००००००।०० |
| | | | १५ | आ.व.०७९।०८० का सरी आउने (क्रमागत) योजना (अनुसूची २) | १६७०००००।०० |
| | जम्मा | ४८८९१३५००।०० | जम्मा | | ४८८९१३५००।०० |

**प्रमाणीकरण मिति २०७८।०४।०७**

**आज्ञाले,**
**राजेन्द्र कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका